apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




समाचार ४ पृष्ठ

● वर्ष: १२ ● अंक: २४७ ● पृष्ठ: ४ ● ०६ असोज २०८३ मंगलबार (22 September 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सडक विस्तारसँगै अलपत्र तारले बढायो दुर्घटनाको जोखिम

### पोल स्थानान्तरणमा ढिलाइदेखि तार व्यवस्थापनसम्म विवाद, निर्माण व्यवसायी र सेवा प्रदायकबीच आरोप-प्रत्यारोप



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०५ गते**

सिरहा सदरमुकामको मुख्य सडक विस्तारका क्रममा विद्युत् पोल स्थानान्तरण गरिएको करिब एक महिना बितिसक्दा पनि पोलमा जडान गरिएका इन्टरनेट तथा नेपाल टेलिकमका तार व्यवस्थित हुन सकेका छैनन्। कतिपय स्थानमा तार काटिएको र कतिपय ठाउँमा लत्रिएको अवस्थामा सडक तथा पैदलमार्गमै छाडिँदा दुर्घटनाको जोखिम बढेको छ।

सहिद राजेश ठाकुर पार्क (थाना चौक) देखि महावीर चौकसम्म पहिलो चरणमा विद्युत् पोल स्थानान्तरण तथा सडक विस्तारको काम भइरहेको छ। सडकलाई फराकिलो, व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले पोल सारिए पनि त्यसमा जडान गरिएका सञ्चारका तार व्यवस्थापनमा सम्बन्धित पक्षबीच प्रभावकारी समन्वय हुन नसक्दा सर्वसाधारण जोखिममा परेका छन्।

सडकमा छरिएका तथा लत्रिएका तारका कारण पैदलयात्री, मोटरसाइकल, साइकल, सिटीरिक्सा तथा अन्य सवारीसाधनको आवागमनमा समेत अवरोध पुगेको स्थानीयको गुनासो छ। व्यस्त बजार क्षेत्रमा तारका कारण दुर्घटना भए त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्नसमेत उठेको छ।

**तार व्यवस्थापनमा निर्माण व्यवसायीको आफ्नै दाबी**

सडक निर्माणका क्रममा पोल स्थानान्तरण गर्नुपर्ने कामको बजेट सडक डिभिजन कार्यालयले निर्माण व्यवसायीको ठेक्का रकममै समावेश गरेको र पोल सार्ने कामका लागि नेपाल विद्युत् प्राधिकरण, सिरहा वितरण केन्द्रलाई बजेट उपलब्ध गराइएको निर्माण व्यवसायीले जनाएको छ।

निर्माण व्यवसायीका अनुसार विद्युत् प्राधिकरण, सिरहा वितरण केन्द्रले पोल स्थानान्तरणको काम समयमा सम्पन्न नगर्दा सडक निर्माण कार्यसमेत प्रभावित भएको थियो। पोल सार्नुअघि इन्टरनेट

बाँकी पृष्ठ ४ ▶▶

## मधेशका कर्मचारीलाई ७ दिन भ्रमण सुविधा : बिलबिनै एक महिनाको तलब



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०५ गते**

मधेश प्रदेश सरकारले आफ्ना निजामती कर्मचारीलाई आन्तरिक पर्यटन काजका नाममा तीनदेखि सात दिनसम्म घुम्न जाने र त्यसबापत बिल-भर्पाइबिनै एक महिनाको तलब बराबरको रकम दिने व्यवस्था गरेको छ।

प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले जारी गरेको 'मधेश प्रदेशस्तरीय निकायका निजामती कर्मचारीहरूको आन्तरिक पर्यटन काजसम्बन्धी कार्यविधि, २०८३' ले यस्तो व्यवस्था गरेको हो। कार्यविधि भदौ ३१ गते प्रदेश राजपत्रमा प्रकाशित भएको छ।

कार्यविधिको दफा ९ मा कार्यविधिबमोजिम पर्यटन काजमा जाने कर्मचारीलाई एक महिनाको सुरुको तलब स्केल बराबरको आन्तरिक पर्यटन काज खर्च अग्रिम पेश्कीको रूपमा वा भ्रमणप्रश्चात प्रतिवेदन पेस गरेपछि पाउने उल्लेख छ।

रोचक त के छ भने, कर्मचारीले यस्तो पर्यटन काजबापत आफ्नो सुरु तलब स्केल बराबरको रकम पाउने छन्। तर त्यसका लागि होटल,

बाँकी पृष्ठ ३ ▶▶

## सप्तरीमा शल्यक्रिया गरिएकी सुत्केरीको मृत्यु, उपचारमा लापरबाही भन्दै प्रदर्शन



**अपन दैनिक संवाददाता**
**राजविराज, असोज ०५ गते**

शल्यक्रियापछि शिशु जन्माएकी सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका-५, बकधुवाकी २८ वर्षीया निर्मला चौधरीको मृत्यु भएपछि आक्रोशित आफन्त र स्थानीयले प्रदर्शन गरेका छन्।

उनीहरुले कञ्चनरूप नगरपालिका-१२, सिमरास्थित धर्मेश्वर अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीको लापरबाहीले सुत्केरीको मृत्यु भएको आरोप लगाउँदै सोमबार प्रदर्शन गरेका हुन्। बेथा लागेपछि अमितकुमार चौधरीकी श्रीमती निर्मलालाई गत बिहीबार राति सो अस्पताल ल्याएर भर्ना गरिएको थियो।

सोही अस्पतालमा शल्युक्रियापछि निर्मलाले शुक्रबार शिशु (छोरी) जन्मिएकी थिइन्। तर, शल्यक्रियापछि निर्मलाको रक्तस्राव नरोकिएको उनका श्रीमान् अमितले बताए। 'तत्कालै हामीले बाहिर लाग्न पनि खोज्यौं तर स्वास्थ्यकर्मीहरुले यतै ठिक भइहाल्छ भनिरहे,' उनले भने, 'दिनभर पनि

बाँकी पृष्ठ ४ ▶▶

## जनकपुर प्रादेशिक अस्पतालका चिकित्सकमाथि हातपात गरेको आरोपमा दुई जना पक्राउ

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०५ गते**

जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पतालको बर्थिङ सेन्टरमा कार्यरत चिकित्सकमाथि हातपात गरेको आरोपमा चर्चित टिकटकर सुधिरा मुखियासहित दुई जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-८ का २६ वर्षीय सुधिरा मुखिया बिन र औरही गाउँपालिका-२ का २० वर्षीय विजय मुखिया रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

प्रहरीका अनुसार बर्थिङका लागि अस्पताल आएकी महिलाका आफन्तले ड्युटीमा रहेका चिकित्सक डा. सरोज साहमाथि हातपात गरेको सूचना पाएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। त्यसपछि घटनामा संलग्न रहेको आरोपमा दुवै जनालाई नियन्त्रणमा लिइएको हो।




पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत धनुषाबाट तीन दिनको म्याद थप गरी अनुसन्धान भइरहेको धनुषा प्रहरीका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले बताएका छन्।

सुधिरा टिकटर हुन्। उनले जनकपुरधामको बजरंग चौकमा होटल समेत सञ्चालन गरिरहेकी छिन्।

उनीहरूमाथि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा ३(ग) बमोजिम

बाँकी पृष्ठ २ ▶▶

## सरकारसँग ८८ हजार टन मल मौज्दात, ८२ हजार टन बाटोमा



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०५ गते**

सरकारसँग हाल देशभरिका गोदामहरूमा ८७ हजार ८ सय ९२ टन रासायनिक मल मौज्दात रहेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष १ साउनदेखि १ असोजसम्मको विवरण अनुसार किसानलाई वितरण गर्न कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका गोदामहरूमा उक्त परिमाणको मल मौज्दात छ।

मौज्दात मलमध्ये युरियाको मात्रा सबैभन्दा बढी छ। मन्त्रालयको तथ्यांक अनुसार हाल गोदाममा ४० हजार ५ सय २५ टन युरिया, ३२ हजार ७ सय ८५ टन डीएपी र १४ हजार ५ सय ८१ टन पोटास मल मौज्दात छ।

सरकारले मल आपूर्ति र वितरण जिम्मा दिएका दुई सरकारी निकायमध्ये कृषि सामग्री कम्पनी लिमिटेडसँग सबैभन्दा धेरै ६३ हजार ८ सय ६ टन मल मौज्दात छ। त्यसैगरी साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा २४ हजार ८५ टन मौज्दात छ।

**थप ८२ हजार टन आउँदै**

हाल गोदाममा रहेको वितरण हुँदै गर्दा बाहिरी देशबाट थप मलसमेत भित्रिने क्रममा रहेको मन्त्रालयले जनाएको छ। तथ्यांक अनुसार हाल ८२ हजार ९ सय ५५ टन रासायनिक मल मार्गस्थ (बाटोमा आउँदै गरेको) अवस्थामा छ।

मार्गस्थ अवस्थामा रहेको मलमा युरिया र डीएपी मात्रै छ, जसमा ६५

बाँकी पृष्ठ ३ ▶▶




**कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं**

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं।
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं।
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं।
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं।
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं।
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं।
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## सिरहा नगरपालिकाको नयाँ प्रशासकीय अधिकृत र चुनौती

सिरहा नगरपालिकाले पहिलोपटक महिला उपसचिवलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा पाएको छ । बिजया कुमारी प्रसाईले प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यालयमा हाजिर भएसँगै नगरपालिकाको प्रशासनिक नेतृत्व सम्हालेकी छिन् । प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सामान्य प्रशासनिक पद मात्र होइन । स्थानीय सरकारको नीति, कार्यक्रम, बजेट कार्यान्वयनदेखि सेवा प्रवाह र विकास निर्माणलाई गति दिने महत्वपूर्ण जिम्मेवारी यस पदसँग जोडिएको हुन्छ । त्यसैले नयाँ प्रमुख प्रशासकीय अधिकृतको आगमनलाई कर्मचारी परिवर्तनका रूपमा मात्र नभई नगरपालिकाको प्रशासनिक कार्यशैली सुधार गर्ने अवसरका रूपमा पनि लिन आवश्यक छ । अझ अहिलेको परिस्थिति सामान्य छैन् । स्थानीय तहको आगामी निर्वाचनको तयारी अघि बढिरहेको अवस्थामा वर्तमान जनप्रतिनिधिहरूको कार्यकाल अब करिब सात-आठ महिना मात्र बाँकी छ । यस्तो अवस्थामा जनप्रतिनिधि र कर्मचारी दुवैले आफ्नो कार्यकालको बाँकी समयलाई कसरी परिणाममुखी बनाउने भन्ने प्रश्न महत्वपूर्ण बनेको छ ।

सिरहा नगरपालिकाको नगरसभाले चालू आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट पारित गरिसकेको छ । अब त्यसलाई कागजमा सीमित नराखी निर्धारित समयभित्र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु प्रमुख चुनौती हो । बजेट खर्च गर्नु मात्र उपलब्धि होइन, खर्च भएको रकमबाट नागरिकले देखिने र महसुस गर्ने परिणाम आउनु अझ महत्वपूर्ण हुन्छ । त्यसैले योजनाको प्राथमिकता निर्धारण, गुणस्तरीय काम, पारदर्शिता, समयमै भुक्तानी र प्रभावकारी अनुगमनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यसअघि प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत महम्मद शेर मुस्तफाको सरुवापछि प्रसाई आईन । केही समययता सिरहा नगरपालिकाको प्रशासनिक व्यवस्थापनमा देखिएका उतारचढावले पनि स्थिर र व्यावसायिक प्रशासनको आवश्यकता देखाएको छ । प्रमुख प्रशासकीय अधिकृतको बारम्बार सरुवाले स्थानीय तहको संस्थागत स्मरण, योजना कार्यान्वयन र प्रशासनिक निरन्तरतामा असर पार्न सक्छ । त्यसैले नयाँ नेतृत्वलाई काम गर्ने पर्याप्त वातावरण दिनु जनप्रतिनिधि र कर्मचारी दुवैको साझा दायित्व हो । नयाँ प्रमुख प्रशासकीय अधिकृतका लागि सबैभन्दा महत्वपूर्ण कुरा राजनीतिक आग्रहभन्दा माथि उठेर कानुन, विधि र संस्थागत प्रक्रियालाई आधार बनाएर काम गर्नु हुनेछ । स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिको राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको प्रशासनिक भूमिकाबीच स्पष्ट सीमा र सहकार्य आवश्यक हुन्छ । प्रमुख प्रशासकीय अधिकृतले जनप्रतिनिधिका जायज प्राथमिकतालाई प्रशासनिक प्रक्रियाबाट कार्यान्वयन गराउँदै सार्वजनिक स्रोतको उपयोगमा पारदर्शिता र जवाफदेहिता कायम गर्न सक्नुपर्छ ।

नगरको कर्मचारीभित्रको समन्वय, शाखाहरूको प्रभावकारी परिचालन र नागरिकले सहज रूपमा सेवा पाउने वातावरण निर्माण पनि प्राथमिकतामा पर्नुपर्छ । सेवाग्राहीलाई अनावश्यक झन्झट, ढिलासुस्ती र बिचौलियाको प्रभावबाट मुक्त गराउन प्रशासनिक सुधार आवश्यक छ । नगरपालिकाका योजना र कार्यक्रमबारे नागरिकलाई पर्याप्त सूचना दिने तथा गुनासो सुन्ने प्रणालीलाई प्रभावकारी बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ । बाँकी रहेको सात-आठ महिनालाई राजनीतिक दबाब, नयाँ योजना घोषणा वा हतारमा बजेट खर्च गर्ने समयका रूपमा होइन, अधुरा काम पूरा गर्ने र संस्थागत सुधारको आधार तयार गर्ने समयका रूपमा लिनुपर्छ । निर्वाचन नजिकिँदै गर्दा जनप्रतिनिधिहरूको ध्यान स्वाभाविक रूपमा राजनीतिक गतिविधितर्फ केन्द्रित हुन सक्छ । तर प्रशासनिक नेतृत्वले नगरपालिकाको नियमित सेवा र विकास निर्माणलाई राजनीतिक गतिविधिबाट प्रभावित हुन नदिने वातावरण बनाउनुपर्छ । सिरहा नगरपालिकाले विगतमा लामो समयदेखि शिक्षा, स्वास्थ्य, सडक, सरसफाइ, पूर्वाधार र सार्वजनिक सेवाका क्षेत्रमा अपेक्षित गति लिन नसकेको गुनासो रहँदै आएको छ । नयाँ प्रमुख प्रशासकीय अधिकृतका लागि यी क्षेत्रमा तत्काल चमत्कार गर्नेभन्दा पनि उपलब्ध स्रोत, स्वीकृत योजना र कानुनी प्रक्रियाभित्र रहेर प्राथमिकता निर्धारण गरी परिणाम देखाउने चुनौती छ । यो जिम्मेवारी अवसरसँगै ठूलो परीक्षा पनि हो । पहिलो महिला उपसचिवका रूपमा सिरहा नगरपालिकाको प्रशासनिक नेतृत्व सम्हालेका कारण लैङ्गिक पहिचानभन्दा बढी व्यावसायिक क्षमता, निष्पक्षता, पारदर्शिता र परिणाममुखी कार्यशैलीको अपेक्षा हुनु स्वाभाविक हो । अब नगरपालिकाले पनि नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई काम गर्ने वातावरण दिनुपर्छ । जनप्रतिनिधिले प्रशासनिक निर्णयमा अनावश्यक हस्तक्षेप नगर्ने, कर्मचारीले जिम्मेवारीबाट पन्छिन नखोज्ने र प्रमुख प्रशासकीय अधिकृतले कानुन तथा विधिको सीमाभित्र रहेर दृढतापूर्वक निर्णय गर्ने हो भने बाँकी रहेको छोटो समयमै पनि उल्लेखनीय सुधार सम्भव छ । सिरहा नगरपालिकाको नेतृत्व परिवर्तनको यो अवसर फेरि अर्को प्रशासनिक प्रयोगमा सीमित नहोस् । बरु नीति तथा कार्यक्रम र बजेटलाई परिणाममा रूपान्तरण गर्ने, सेवा प्रवाह सुधार गर्ने र नागरिकको विश्वास बढाउने प्रशासनिक यात्राको सुरुवात बनोस् । नयाँ प्रमुख प्रशासकीय अधिकृतको सबैभन्दा ठूलो जिम्मेवारी र सिरहा नगरवासीको अपेक्षा पनि यही हो ।


# दलितको संविधान खोई ?

**लोकतन्त्रको वास्तविक परीक्षा संसद्मा कति दल छन् भन्ने होइन । सबैभन्दा पछाडि पारिएको नागरिकले राज्यमा आफ्नो हिस्सा कति देख्छ भन्ने हो । आज संविधानले दलितलाई समान नागरिक भनेको छ । तर यदि दलित अझै भूमिहीन छ, सामाजिक विभेद भोगिरहेको छ, अवसरबाट वञ्चित छ र संसदमा आफ्नो जनसंख्याको अनुपातमा पुग्न सकेको छैन भने संवैधानिक समानता व्यवहारमा अधुरो छ ।**



राजेश विद्रोही

> दलितको समस्या केवल छुवाछूतको समस्या मात्र होइन्, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व र सम्मान मानवीय जीवनबाट दीर्घकालीन बहिष्करण यसको गहिरो मनोबैज्ञानिक समस्या हो ।




नेपालमा पटकपटक संविधान फेरिए, शासन व्यवस्था फेरियो, राज्यको संरचना फेरियो । राजतन्त्रबाट गणतन्त्र आयो, एकात्मक राज्यव्यवस्थाबाट संघीय राज्यव्यवस्था आयो, समानुपातिक समावेशी लोकतन्त्रको घोषणा भयो । संविधनले कागजी रुपमा छुवाछूत तथा भेदभावलाई निषेध गर्‍यो । दलितलाई मौलिक हक सहित राज्यका सबै निकायमा सहभागिता सुनिश्चित गर्‍यो । तर यतिका कुरा कागजमा हुँदा पनि व्यवहारमा खोई ? दलितको संविधान खोई ? संविधानको कुन धारा उपधाराले दलितको जीवन व्यवहारमै पुग्नेगरी र फेरिनेगरी के दियो ? के पायो ? छुवाछूत र भेदभावको व्यवहारिक अन्त्य, स्वास्थ्य र शिक्षा पूर्ण निशुल्क, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या सधैंकालागि हल, राजनीतिक र प्रशासनिक रुपमा ऐतिहासिक उत्पीडनको आधारमा क्षतिपूर्ति सहित अनुपातिक सहभागीताको सुनिश्चितता के दियो ? १४ प्रतिशत राज्यकै तथ्यांकमा रहेका दलित आजको लोकतान्त्रिक व्यवस्थामा पनि समाज र राज्य व्यवस्था अपन्त्व गर्न नसकिनेगरी बाहिरै छन् ।

संविधानको धारा २४ ले छुवाछूत तथा भेदभावविरुद्धको हक सुनिश्चित गरेको छ । धारा ४० ले दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक दिएको छ । सार्वजनिक सेवामा दलितको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गर्नुपर्ने, भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउनुपर्ने र आवासविहीन दलितलाई बसोवासको व्यवस्था गर्नुपर्ने दायित्व पनि राज्यलाई तोकिएको छ । तर खोई ? उल्टो बसोबासमा उठिबास छ । अस्पतालमा बबिता पासवानहरुको दुर्दशा छ । स्कुलमा रामजी रामहरुले याचना गर्नुपर्छ । एक थान सांसद र एक थान स्थानीय जनप्रतिनिधि बन्न जातीय हैसियत खोज्नुपर्छ । नयाँ संविधान र नयाँ व्यवस्था आएको १० वर्षभन्दा बढी भइसक्दा पनि दलितका लागि खोई संविधान ? खोई संघीयता ? खोई स्थानीय सरकार ?

आजसम्म देशमा संवैधानिक अधिकारको अभाव छैन । तर समस्या अधिकार र व्यवहारिक कार्यान्वयनबीचको दूरीमा छ । नेपालको जातीय विभेदको इतिहास हेर्दा यसको जरा सामाजिक व्यवहारमा मात्र छैन्, राज्यसत्ता र हरेक व्यवस्थासम्म पुगेको छ । वि.सं. १९१० को मुलुकी ऐनले नेपाली समाजलाई जातीय तहमा वर्गीकृत गर्दै मानिसको सामाजिक हैसियत र दण्ड-व्यवस्थालाई समेत जातसँग जोडेको थियो । पछि कानुन परिवर्तन भए । २०२० को मुलुकी ऐनले छुवाछूतलाई कानुनी रूपमा निषेध गर्ने बाटो खोल्यो । २०४७ को संविधान, २०६३ को अन्तरिम संविधान र २०६८ को जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावविरुद्धको ऐन हुँदै २०७२ को नयाँ लोकतान्त्रिक संविधानले कागजी रुपमा दलित अधिकारलाई थप स्पष्ट बनायो । तर कानुन फेरिँदैमा सत्ता, स्रोत र सामाजिक सम्बन्धको पुरानो संरचना फेरिँदैन । त्यसैले आजको मूल समस्या भनेको राज्यको ऐनकानुन र संविधानले जातीय विभेदलाई कानुनबाट त हटायो । तर यसको सामाजिक-आर्थिक जीवनबाट अझै पनि व्यवहारिक कार्यान्वयनको हिसाबले हटाउन सकेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा दलित जनसंख्या १३.४ प्रतिशत छ । त्यसमध्ये पहाडी दलित २५ लाख ६ हजार ६१२ र तराई/मधेशका दलित १३ लाख ९२ हजार ३७८ छन् । तराई/मधेशका दलित मात्रै कुल जनसंख्याको ४.८ प्रतिशत छन् । तर राज्यको निर्णायक संरचनामा जनसंख्याको यो अनुपात देखिँदैन । २०८२ को प्रतिनिधिसभा निर्वाचनपछि २७५ सदस्यीय प्रतिनिधिसभामा १७ जना दलित सांसद पुगेका छन्, अर्थात् करिब ६.१८ प्रतिशत । यो दलित जनसंख्या १३.४ प्रतिशतको आधाभन्दा पनि कम हो । यसमा पनि मधेशी दलित शुन्य छ । प्रत्यक्ष निर्वाचनतर्फ दलितको प्रतिनिधित्व जनसंख्याकै हिसाबमा झन् कमजोर छन् । उपलब्ध निर्वाचन विश्लेषणअनुसार प्रत्यक्षतर्फ दलित प्रतिनिधित्व ०.६ प्रतिशत अर्थात् एक जना मात्र छन् । यसले एउटा असहज सत्य देखाउँछ–मताधिकार समान भए पनि राजनीतिक शक्ति समान छैन ।

दलितलाई चुनावमा मतदाता चाहिन्छ, पार्टीमा कार्यकर्ता चाहिन्छ, आन्दोलनमा भिड चाहिन्छ । तर उम्मेदवार र निर्णयकर्ता बनाउने ठाउँमा उनीहरूको उपस्थिति चाहिँदैन । प्रत्यक्ष निर्वाचनमा टिकट पाउने र जित्ने सम्भावना दुवै कमजोर हुनु राजनीतिक प्रतिनिधित्वको संरचनागत समस्या हो । २०७९ को निर्वाचनमा पनि १६ जना दलित सांसद मात्र प्रतिनिधिसभामा पुगेका थिए र प्रत्यक्षतर्फ एक जना मात्र निर्वाचित भएका थिए । अहिले पनि यसैको पुनरावृत्ति भएको छ । त्यसैले दलितको प्रश्नलाई यतिमै सीमित गर्न मिल्दैन । दलितभित्रै पनि प्रतिनिधित्वको असमानता छ । जसलाई मेलोमेसो मिलाउन जरुरी छ । खेलाउन जरुरी छैन । यहींबाट मधेशी दलितको प्रश्न अझ गम्भिर भएर आउँछ ।

जनगणना २०७८ अनुसार तराई/मधेशको दलितको संख्या १३ लाख ९२ हजार ३७८ छ । तर २०८२ को प्रतिनिधिसभामा १७ जना दलित सांसद पुग्दा पनि एक जना मधेशी दलित प्रतिनिधि छैनन् । अर्थात् करिब ४.८ प्रतिशत जनसंख्या ओगट्ने तराई/मधेशका दलित समुदाय संघीय संसद्को प्रत्यक्ष राजनीतिक प्रतिनिधित्वमा शून्यमा छ । यो तथ्यलाई केवल निर्वाचनको एउटा परिणाम भनेर पन्छाउन मिल्दैन । यो समानुपातिक समावेशिताको कार्यान्वयनमा रहेको ठूलो कमजोरी हो । किनभने संविधानले दलितलाई एउटै समूह मानेर अधिकार सुनिश्चित गरे पनि दलित समुदायभित्र सामाजिक, भौगोलिक र आर्थिक विविधता छ । अहिलेको प्रतिनिधिसभामा रहेका १७ दलित सांसदमध्ये १५ जना विश्वकर्मा समुदायकै छन् । यसले दलित समुदायभित्रै प्रतिनिधित्व कसरी केन्द्रित भएको छ भन्ने प्रश्न उठाउँछ । त्यसैले दलितको प्रतिनिधित्व भयो भन्नु मात्र पर्याप्त हुँदैन । कुन र कस्ता दलित प्रतिनिधित्वमा आयो ? कुन क्षेत्रको दलित आयो ? कुन स्तरको दलित आयो ? महिला दलित कति आए ? मधेशी दलित कति आए ? यही कारण मधेशी दलितको प्रश्नलाई मधेशको सामान्य राजनीतिक प्रतिनिधित्वसँग पनि मिसाउन

बाँकी पृष्ठ ३ ▶▶

## जनकपुर प्रादेशिक अस्पतालका ............

अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उक्त कसुरमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न अन्य व्यक्तिको समेत पहिचान गरी खोजतलास भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- **प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं ।**
- **अत्यधिक घाममा लामो समयसम्म नबसौं ।**
- **चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं ।**
- **जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं ।**
- **बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं ।**
- **तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।**
- **घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । दाजुभाइको प्रगतिको समाचार सुन्न पाइन्छ ।

**बृष :** धनागमको सङ्केत छ । शरीर फूर्तिलो भएको महसुस हुनेछ । परिणाममुखी काममा लगानीको समय छ ।

**मिथुन :** नयाँ काम सुरु गर्ने समय छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**कर्कट :** आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । गरेका कामबाट राम्रै लाभ हुनेछ ।

**सिंह :** आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । आर्थिक पक्ष सुदृढ बन्नेछ ।

**कन्या :** परिश्रमको प्रतिफल ढिलो गरी प्राप्त हुनेछ । सामान्य कुरामा रुमलिनु राम्रो हुँदैन ।

**तुला :** मनमा उत्साह र उमङ्गको कमी देखिने छ, शत्रुहरूको गतिविधिले आत्मबल घटाउन सक्छ, सचेत रहनु होला ।

**वृश्चिक :** पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ । हाकिम, मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ ।

**धनु :** परिवारजनको साथले नयाँ आशा पलाउनेछ । मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ ।

**मकर :** सङ्कटको सामना गर्दै उपलब्धी हासिल गर्नु पर्नेछ । गर्नैपर्ने व्यवहारिक काममा लामो यात्राको सम्भावना छ ।

**कुम्भ :** ठूलो लाभ लिन नसकिए पनि व्यावसायिक यात्राको सम्भावना छ । घरायसी परिबन्दका लागि चाहिने धनको जोहो हुनेछ ।

**मीन :** तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ । अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सामाजिक र आर्थिक रूपान्तरणबिना राजनीतिक परिवर्तन दिगो हुँदैनः उपेन्द्र यादव

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०५ गते**



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले राजनीतिक परिवर्तनको तुलनामा सामाजिक र आर्थिक रूपान्तरण सुस्त भएको भन्दै चिन्ता व्यक्त गरेका छन्।

काठमाडौंमा सोमबार डा. रेखा यादव 'निर्झर' द्वारा लिखित कथासङ्ग्रह 'प्रश्न' को लोकार्पण समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

सामाजिक र आर्थिक लोकतन्त्रको सुनिश्चितता नभएसम्म राजनीतिक उपलब्धिहरूको दिगोपना र सान्दर्भिकता कायम हुन नसक्ने दाबी उनले गरे। देशमा लोकतान्त्रिक शासन व्यवस्था स्थापना भए पनि आम नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन नसक्नु विडम्बनापूर्ण रहेको उनले बताए। राजनीतिक परिवर्तनको लाभ तल्लो तहका नागरिकसम्म पुग्न नसक्दा व्यवस्थाप्रतिको आकर्षण घट्ने खतरा रहेको उनको भनाइ छ।

'राजनीतिक परिवर्तन भए पनि त्यसअनुसार सामाजिक र आर्थिक जीवनमा अपेक्षित रूपान्तरण हुन सकेको छैन,' अध्यक्ष यादवले भने, 'नेपालमा राजनीतिक लोकतन्त्र स्थापित भए पनि सामाजिक र आर्थिक लोकतन्त्र अझै स्थापित हुन बाँकी छ।'

सामाजिक-आर्थिक रूपान्तरणबिना राजनीतिक परिवर्तन दिगो र प्रभावकारी हुन नसक्ने भएकाले सामाजिक चेतनामा परिवर्तन ल्याउन आवश्यक रहेको उनले स्पष्ट पारे। यसका लागि लेखक, साहित्यकार, पत्रकार, बुद्धिजीवी, कलाकार, नाटककार तथा कविलगायत सिर्जनशील क्षेत्रले समाजमा जागरण र रूपान्तरणको चेतना फैलाउन

बाँकी पृष्ठ ४ ▸▸

## मधेशका कर्मचारीलाई ७ दिन भ्रमण सुविधा ................

यातायात, खाना वा अन्य शीर्षकमा भएको खर्चको बिल-भर्पाइ वा वास्तविक खर्च विवरण पेस गर्नुपर्ने छैन।

कार्यविधिको दफा ३ अनुसार प्रदेश सरकारका निकायमा कम्तीमा १०० दिन रुजु हाजिर भएका निजामती कर्मचारीले एक आर्थिक वर्षमा एक पटक आन्तरिक पर्यटन काज लिन पाउने छन्। यस्तो काज कम्तीमा तीनदेखि बढीमा सात दिनसम्म लिन सकिने व्यवस्था छ।

अर्थात् कर्मचारीले तोकिएको अवधिमा पर्यटन काज लिएर भ्रमण गरेको प्रमाणसहित प्रतिवेदन बुझाए पुग्नेछ। प्रतिवेदनमा भ्रमण गरेका पर्यटकीय स्थलको विवरण र स्थल पहिचान हुने तस्वीर राख्नुपर्ने व्यवस्था छ।

कार्यविधिले कर्मचारीलाई आफ्नो कार्यरत जिल्ला, प्रदेशको राजधानी र स्थायी बसोबास भएको जिल्लाबाहेक नेपालका कम्तीमा दुई जिल्लाका तीन पर्यटकीयस्थल भ्रमण गर्नुपर्ने व्यवस्था गरेको छ। भ्रमण सम्पन्न भएको सात दिनभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ।

तर, भ्रमण खर्चको बिल भर्पाइ नबुझाउने व्यवस्थाले सरकारी रकम खर्च गर्ने प्रणालीमा पारदर्शिताको प्रश्न उठाएको छ।

सामान्यतः सरकारी कामका लागि हुने भ्रमणमा खर्चको आधार, भ्रमण आदेश, प्रतिवेदन तथा आवश्यक बिल-भर्पाइका आधारमा खर्च परीक्षण गर्ने व्यवस्था रहन्छ। संघीय भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ ले समेत भ्रमणपछि दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी आवश्यक बिल-भर्पाइ पेस गर्नुपर्ने व्यवस्था गरेको छ।

तर, मधेश प्रदेशको नयाँ पर्यटन काजमा भने वास्तविक खर्च प्रमाणित गर्ने बिल-भर्पाइको सट्टा भ्रमण गरेको प्रमाण र प्रतिवेदनलाई आधार बनाएर सुरु तलब स्केल बराबरको रकम दिने मोडल अपनाइएको छ।

तीनदेखि सात दिनको भ्रमणका लागि एक महिनाको सुरु तलब स्केल बराबरको रकम निर्धारण गर्ने आधार के हो, वास्तविक खर्चसँग रकमको सम्बन्ध कसरी कायम हुन्छ र खर्चको लेखा परीक्षण कसरी हुन्छ भन्ने प्रश्नसमेत कार्यविधिले स्पष्ट पारेको देखिँदैन।

कार्यविधिले एक पटकमा कार्यालयमा कार्यरत कूल निजामती कर्मचारीमध्ये बढीमा २० प्रतिशतलाई मात्र पर्यटन काज स्वीकृत गर्न सकिने व्यवस्था गरेको छ।

## सरकारसँग ८८ हजार टन मल मौज्दात, ८२ हजार ................



हजार ९ सय ७० टन युरिया र १६ हजार ९ सय ८५ टन डीएपी छ।

बाटोमा रहेको मलमध्ये कृषि सामग्री कम्पनीले ६० हजार २ सय २० र साल्ट ट्रेडिङले २२ हजार ७ सय ३५ टन मल ल्याइरहेका छन्।

**हालसम्म १ लाख ३० हजार टन बिक्री**

सरकारले किसानलाई मल वितरण पनि निरन्तर गरिरहेको जनाएको छ। गत आव २०८२/८३ को बाँकी मौज्दात समेत गरी १ असोजसम्म कुल १ लाख ३० हजार ९ सय ७५ टन रासायनिक मल बिक्री भइसकेको छ।

यस अवधिमा ८० हजार १ सय ९६ टन युरिया, ४७ हजार २ सय ७४ टन डीएपी र ३ हजार ५ सय ३ टन पोटास किसानको खेतबारीसम्म पुगिसकेको मन्त्रालयको तथ्यांकले देखाउँछ।

कुल बिक्री भएको मलमध्ये कृषि सामग्री कम्पनी मार्फत ९८ हजार ८ सय ९३ टन र साल्ट ट्रेडिङ मार्फत ३२ हजार ८१ टन मल वितरण भएको हो।

यस वर्ष सरकारले ५ लाख ५० हजार टन रासायनिक मल ल्याउने लक्ष्य राखेको छ। यसका लागि ३२ अर्ब ४६ करोड १९ लाख विनियोजन गरिएको छ भने हालसम्म २ लाख ४० हजार टन मल खरिदका लागि टेन्डर प्रक्रिया समेत सम्पन्न भइसकेको मन्त्रालयको भनाइ छ।

मन्त्रालयको तथ्यांक अनुसार गत आवको मार्गस्थ समेत गरी हालसम्म कुल १ लाख ४७ हजार ११ टन मल आपूर्ति भइसकेको छ।

## दलितको संविधान ...........

मिल्दैन। मधेशमा मधेशी समुदायको राजनीतिक उपस्थिति हुनु र मधेशी दलितको प्रतिनिधित्व हुनु एउटै कुरा होइन। मधेशभित्र पनि जात, वर्ग र सम्पत्तिको आधारमा शक्ति असमान रूपमा बाँडिएको छ।

मधेशी दलितको समस्या जातीय विभेदमा मात्र सीमित छैन। भूमिहीनता, गरिबी, कमजोर शैक्षिक पहुँच, परम्परागत श्रममा निर्भरता र राजनीतिक प्रतिनिधित्वको कमी एकअर्कासँग जोडिएका छन्। त्यसैले मधेशी दलितको प्रश्न जात, भूमि र राजनीतिक शक्तिको प्रश्न हो। संविधानको धारा ४० ले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने स्पष्ट व्यवस्था गरेको छ। तर संवैधानिक प्रतिबद्धता र वास्तविक भूमिस्वामित्वबीचको दूरी अझै कायम छ। भूमिहीन नागरिकका लागि जमिन केवल सम्पत्ति होइन, सुरक्षित आवास, उत्पादन, रोजगारी, ऋण, सामाजिक प्रतिष्ठा र राज्यसँगको सम्बन्धको आधार पनि हो। त्यसैले भूमिहीन दलितलाई भूमि अधिकार नदिई सामाजिक न्याय पूरा भएको दाबी गर्न सकिँदैन। शिक्षा र रोजगारीमा पनि यही संरचनागत असमानता देखिन्छ। दलित समुदायको साक्षरता राष्ट्रिय औसतभन्दा कम छ। सामाजिक विभेद र आर्थिक अभावले विद्यालयदेखि उच्च शिक्षा र रोजगारीसम्मको अवसर प्रभावित गर्छ। स्वास्थ्य सेवामा पहुँच पनि केवल अस्पतालको दूरीले निर्धारण गर्दैन, आर्थिक अवस्था, सामाजिक हैसियत र संस्थागत व्यवहारले समेत निर्धारण गर्छ। त्यसैले दलितको समस्या केवल छुवाछूतको समस्या मात्र होइन्, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व र सम्मान मानवीय जीवनबाट दीर्घकालीन बहिष्करण यसको गहिरो मनोबैज्ञानिक समस्या हो। जसको समाधान पनि मनोवैज्ञानिक, दीर्घकालीन र मानवीय रुपमै खोज्नुपर्छ।

संविधानको धारा ४० कार्यान्वयनका लागि स्पष्ट समयसीमा र मापनयोग्य कार्यक्रम चाहिन्छ। भूमिहीन दलितलाई भूमि र सुरक्षित आवासको संवैधानिक अधिकार व्यवहारमा उतार्नुपर्छ। दलित विद्यार्थीका लागि शिक्षा, सीप र रोजगारी जोडिएको दीर्घकालीन नीति आवश्यक छ। जातीय विभेदका घटनामा उजुरीदेखि न्यायसम्मको प्रक्रिया प्रभावकारी बनाउनुपर्छ। संघ, प्रदेश र स्थानीय तहमा दलितको वास्तविक प्रतिनिधित्वसम्बन्धी तथ्यांक नियमित रूपमा सार्वजनिक गरिनुपर्छ। र, संख्यात्मक रुपमा बढाउँदै लानुपर्छ। केही वर्षपछि जातव्यवस्था अन्त्य हुनेगरी निश्चित कार्यक्रमहरुको प्रभावकारी कार्यनयन गर्नुपर्छ। किनभने राजनीतिक वैचारिक र व्यवहारिक सुधारको सबैभन्दा निर्णायक जरुरी छ। दलितलाई मतको गणितबाट निर्णयको शक्तिमा पुऱ्याउन राजनीतिक दलहरूको उम्मेदवारी र नेतृत्व संरचना बदलिनुपर्छ। समानुपातिक प्रणालीको उद्देश्य संख्या भर्नु मात्र होइन, ऐतिहासिक रूपमा राज्यसत्ताबाट बाहिर पारिएका समुदायलाई निर्णय प्रक्रियामा ल्याउनु हो। स्वीकार्नु हो। त्यसैले दलितभित्रको आन्तरिक विविधता र विशेषतः मधेशी दलितको प्रतिनिधित्वलाई बेवास्ता गरेर समावेशिताको लक्ष्य पूरा भएको मान्न सकिँदैन।

लोकतन्त्रको वास्तविक परीक्षा संसद्मा कति दल छन् भन्ने होइन। सबैभन्दा पछाडि पारिएको नागरिकले राज्यमा आफ्नो हिस्सा कति देख्छ भन्ने हो। आज संविधानले दलितलाई समान नागरिक भनेको छ। तर यदि दलित अझै भूमिहीन छ, सामाजिक विभेद भोगिरहेको छ, अवसरबाट वञ्चित छ र संसदमा आफ्नो जनसंख्याको अनुपातमा पुग्न सकेको छैन भने संवैधानिक समानता व्यवहारमा अधुरो छ। अझ मधेशी दलितको अवस्था हेर्दा प्रश्न थप गम्भिर छ। १३ लाख ९२ हजारभन्दा बढी जनसंख्या भएको समुदाय संघीय संसदमा शून्य किन ? यो प्रश्न मधेशी दलितको मात्र होइन, नेपालको समावेशी लोकतन्त्रको परीक्षा हो।संविधानको सफलता धाराको संख्या गनेर होइन, ती धाराले बदलिएका जीवन गनेर मापन हुनुपर्छ। दलितलाई अर्को संविधानको आश्वासन होइन, भएको संविधानको कार्यान्वयन चाहिएको छ। धारा २४ कागजमा होइन, व्यवहारमा छुवाछूत अन्त्य गर्ने शक्ति बन्नुपर्छ। धारा ४० घोषणामा होइन, भूमि, शिक्षा, रोजगारी र प्रतिनिधित्वमा देखिनुपर्छ। सामाजिक न्याय भाषणमा होइन, राज्यसत्ताको संरचनामा देखिनुपर्छ। नत्र संविधान सबैको नाममा लेखिए पनि त्यसको प्रभाव केहीको जीवनमा मात्र सीमित रहन्छ। । त्यसैले प्रश्न अब यो होइन–संविधानले दलितलाई के दिएको छ ?

प्रश्न हो–संविधानले दिएको अधिकार दलितको जीवनमा कहाँ छ ? मधेशी दलितको हातमा भूमि कहाँ छ ? संसदमा उसको आवाज कहाँ छ ? राज्यको निर्णयमा उसको हिस्सा कहाँ छ ? र,संविधानले वाचा गरेको सम्मान कहाँ छ ? यी प्रश्नको उत्तर व्यवहारमा नआएसम्म एउटै प्रश्न दोहोरिइरहनेछ–दलितको संविधान खोई ?






अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# रास्वपा मधेश प्रदेशको अधिवेशन नहुनुमा संघीय सांसद र केन्द्रीय नेताहरूको स्वार्थ मुख्य कारक

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०५ गते**

सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सहमहामन्त्री हरि ढकालले मधेश प्रदेशमा आन्तरिक विवाद सम्बन्धी अडिट रिपोर्ट पार्टीमा पेस गरेका छन्। आइतबार बसेको पार्टीको सचिवालय बैठकमा ढकालले प्रारम्भिक अडिट रिपोर्ट पेस गरेका थिए। उनी अडिट समितिका संयोजकसमेत हुन्।

मधेशबाट निर्वाचित संघीय संघीय सांसद र त्यहाँबाट प्रतिनिधित्व गर्ने पार्टीका केन्द्रीय सदस्यहरूको आ-आफ्ना स्वार्थका कारण अधिवेशन हुन नसकेको प्रारम्भिक निष्कर्ष निकालिएको एक सदस्यले जानकारी दिए।

आठ जिल्ला रहेको मधेशमा केन्द्रीय महाधिवेशनअघि आन्तरिक विवाद र जातीय सङ्कीर्णताका कारण पर्साबाहेक अन्य जिल्ला अधिवेशन रोकिएको थियो। रास्वपाका एक सचिवालय सदस्यका अनुसार मधेशमा सहजै अधिवेशन गर्न सक्ने अवस्था नभएकाले पार्टीले हस्तक्षेप गर्नुपर्ने सुझाव आएको छ।

'संघीय संसदमा प्रतिनिधि गर्ने सांसदरू, केन्द्रीय सदस्यहरूको आ-आफ्ना स्वार्थ जोडिएकाले मधेशमा अधिवेशन हुन नसकेको प्रारम्भिक निष्कर्ष छ। मधेशमा हाम्रो पार्टीको मात्र होइन, अन्य पार्टीमा पनि त्यस्तै समस्या रहेछ। जातीय र भेगीय समस्या देखियो', अपन दैनिकसँग ती सदस्यले भने, 'स्थानीय तहको टिकट दिलाउने आश्वासन दिएर आफू अनुकूल नेतृत्वमा ल्याउन संघीय सांसदबाटै दबाब दिइएको गुनासो पनि आएका छन्। आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनका लागि पहिल्यै पैसा असुल भएको पनि पाइयो।'

समग्र मधेशको सांगठनिक अवस्थाबारे बैठकमा ब्रिफिङ गर्दै संयोजक ढकालले यथास्थितिमा केन्द्रबाटै हस्तक्षेप गरी अधिवेशन गराउन सुझाव दिएको अर्का एक सदस्यले बताए।

'मधेशको अवस्था जटिल देखिन्छ। संघीय सांसदहरूले प्रदेश समितिलाई कामै गर्न नसक्नेगरी हस्तक्षेप गरिएको गुनासो आएका छन्। पार्टीले हस्तक्षेप नगरी यथास्थितिमा अधिवेशन गर्न अप्ठ्यारो रहेको प्रारम्भिक निष्कर्ष छ। संयोजकले एक हप्तामा पूर्ण प्रतिवेदन पेस गर्छु भन्नुभएको छ। त्यसपछि मात्र वास्तविकता थाहा होला,' एक सचिवालय सदस्यले भने।

संयोजक ढकालको ब्रिफिङ सुनिसकेपछि सभापति रवि लामिछानेले पूर्ण रिपोर्ट आएपश्चात् पार्टीले उपयुक्त समयमा मधेश अधिवेशन गराउने बताएका थिए। बैठकको निर्णयमा पनि पार्टीको मधेश प्रदेशको सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका सन्दर्भमा आवश्यक रणनीतिक कदमहरू अगाडि बढाउने निर्णय भएको थियो।

'संयोजक तथा पार्टीका सहमहामन्त्री हरि ढकालज्यूले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुभएको छ। यसको विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् पार्टीले




आवश्यक थप रणनीतिक कदमहरू अगाडि बढाउने निर्णय गरेको छ', पार्टीको विज्ञप्तिमा भनिएको छ।

अडिट समितिमा सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य थिए। भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले ढकालको संयोजकत्वमा अडिट समिति गठन गर्ने निर्णय गरेको थियो। मधेश प्रदेशमा महाधिवेशन हुन नसक्नुका कारण पत्ता लगाउन समितिले भदौ २५ गते पर्साबाट अडिटको काम थालेको थियो। पार्टीको आन्तरिक विवादका कारण पर्साबाहेक अन्य ७ जिल्लामा अधिवेशन प्रक्रिया रोकिएपछि गत असारमा चितवनमा सम्पन्न राष्ट्रिय भेलामा पुराना महाधिवेशन प्रतिनिधिहरूलाई नै सहभागी गराइएको थियो।

पर्सामा एक महिना ढिलागरी तत्कालीन केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठको उपस्थितिमा अधिवेशन भएको थियो। जिल्ला सभापतिमा पर्सा क्षेत्र नं. २ का सांसद सुशीलकुमार कानुलाई ४८ मतान्तरले पराजित गरी क्षेत्र नं. १ का सांसद हरि पन्त विजयी भएका थिए। बाँकी ७ जिल्लामा असुरक्षाको कारण देखाएर पार्टीको केन्द्रीय निर्वाचन आयोगले अधिवेशन स्थगित गरेको थियो।

आयोगका पदाधिकारीका अनुसार पार्टीको निर्णय आएपछि मात्र मधेश प्रदेश र जिल्लाका अधिवेशन प्रक्रिया अगाडि बढाइनेछ। आयोगले जेठ २६ गते एक सूचना जारी गर्दै अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेश अधिवेशनको सम्पूर्ण गतिविधि स्थगित गरिएको जानकारी दिएको थियो।

मधेशको वस्तुगत अवस्था, आन्तरिक विवाद बुझ्नका लागि सभापति लामिछाने आफैं मधेश जाने तयारी भएको थियो। तर, भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण ठुलो जनधनको क्षति भएपछि उनको मधेश भ्रमण स्थगित भएको थियो।

केन्द्रीय महाधिवेशन भएको तीन महिना पुगिसक्दा पनि मधेशमा अधिवेशन प्रक्रिया अगाडि बढेको छैन। मधेशका एक नेताका अनुसार दसैं-तिहार अगाडि अधिवेशन हुने सम्भावना देखिँदैन।

'अडिट समितिको प्रारम्भिक प्रतिवेदन भर्खर पार्टीलाई बुझाएको छ। पूर्ण प्रतिवेदन आउन अझै एक-डेढ हप्ता लाग्छ। पार्टीले त्यसको विस्तृत अध्ययन गरेपछि कसरी अगाडि बढ्ने भन्नेमा एउटा निर्णयमा पुग्ला', ती नेताले भने, 'यथास्थितिमा मधेशमा अधिवेशन गर्न सम्भव छैन। अधिवेशन गराउने जिम्मा महाधिवेशन अगाडि नै पार्टी सभापतिलाई दिएको छ। हामीले मधेशको समस्या बुझ्न रविजीलाई नै आउनुपर्छ भनेका छौं। दसैं-तिहार-छठ पर्व नजिकिएकाले अहिले अधिवेशन गर्न सम्भव छैन।'

पार्टीका दुई पक्षबिच विवाद बढ्दै जाँदा स्थिति काबु बाहिर पुग्ने देखिएपछि पार्टी सभापति लामिछानेले असार ३ गते मधेशबाट प्रतिनिधित्व गर्ने सांसदहरू र नेताहरूसँग छलफल गरेका थिए। त्यतिबेला मधेशका कारणले आफ्नो शिर निहुरिएको गुनासो उनले पोखेका थिए।

अन्य प्रदेशको तुलनामा मधेश बेग्लै भएकाले राजनीतिक समाधान गर्न निकै कठिन देखिएको छ। पछिल्लो समय पार्टी नेतृत्वकै सरकारसँग मधेश असन्तुष्ट देखिएको छ। रास्वपाका सांसद डा. अमरेश कुमार सिंहले दसैं-तिहारपछि मधेशमा ठुलो विद्रोह हुने चेतावनी दिँदै आएका छन्।

वालेन्द्र सरकारको कार्यशैलीलाई लिएर सिंह आफैं असन्तुष्ट देखिएका छन्। गत वर्ष जेनजी आन्दोलनको बलमा रास्वपाले शक्ति आर्जन गरेको थियो। फागुनमा भएको निर्वाचनमा मधेशी मूलका वरिष्ठ नेता शाह प्रधानमन्त्रीको उम्मेदवार बनेपछि पार्टीले अभूतपूर्व नतिजा ल्याएको थियो। मधेशमा ३२ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रमध्ये रास्वपाले ३० सिट जितेको थियो।

रास्वपाका पूर्वप्रवक्ता मनिष झा, निर्वतमान सभापति तपेश्वर यादव, जेनजी अगुवा एवं सांसद पुरुषोत्तम यादव लगायत नेताहरूको कार्यशैलीप्रति मधेशी नेताहरूले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूकै कारण पार्टी सङ्गठन ध्वस्त भएको प्रदेशस्तरीय नेताहरूले आरोप लगाएका छन्।

## सामाजिक र आर्थिक ...

महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेमा उनले जोड दिएका छन्।

समाजमा चेतनाको स्तर उकास्न र परिवर्तनलाई संस्थागत गर्न लेखक, साहित्यकार, पत्रकार, बुद्धिजीवी र कलाकारहरूको भूमिका अग्रणी हुने अध्यक्ष यादवले बताए। कला, साहित्य र विचारका माध्यमबाट समाजलाई जागृत बनाउँदै सुसंस्कृत समाज निर्माणमा लाग्न उनले स्रष्टाहरूलाई आह्वानसमेत गरेका छन्।

## सडक विस्तारसँगै अलपत्र तारले बढायो दुर्घटनाको ...............

सेवा प्रदायकहरूलाई तार हटाउन पटक-पटक जानकारी गराइएको व्यवसायीको दाबी छ।

तर, सेवा प्रदायकहरूले समयमै तार नहटाएका कारण पोल स्थानान्तरण गर्ने क्रममा कतिपय तार काटेर छाड्नुपरेको र कतिपय स्थानमा तार आफैं लत्रिएको निर्माण व्यवसायीको भनाइ छ। तार व्यवस्थापनमा आवश्यक समन्वय हुन नसक्दा समस्या उत्पन्न भएको व्यवसायीले जनाएको छ।

**सेवा प्रदायक भन्छन्– नयाँ पोल नहुँदा तार कहाँ सार्ने ?**

यता, इन्टरनेट सेवा प्रदायकहरूले भने नयाँ पोल गाड्नुअघि तार सार्ने विषयमा जानकारी गराइए पनि नयाँ पोल स्थापना नभएसम्म तार कहाँ सार्ने भन्ने स्पष्ट आधार नभएको बताएका छन्।

सेवा प्रदायकहरूका अनुसार नयाँ पोल गाडिएपछि तार व्यवस्थापन तथा पुनःजडानका लागि आवश्यक समय उपलब्ध गराइएन। पुरानो पोलमा रहेका इन्टरनेटका तारलाई कतिपय स्थानमा काटिएको र कतिपय ठाउँमा जबर्जस्ती तान्दा चुँडिएको उनीहरूको दाबी छ।

नयाँ पोल स्थापना भएपछि तार सुरक्षित रूपमा सार्न र पुनःजडान गर्न आवश्यक समय तथा समन्वय उपलब्ध गराउनुपर्ने भए पनि त्यसो नगरिएको इन्टरनेट व्यवसायीहरूको गुनासो छ। निर्माण व्यवसायीले तार हटाउन पटक-पटक आग्रह गरेको दाबी गरे पनि नयाँ पोल स्थापना नहुँदासम्म तार स्थानान्तरण गर्न व्यावहारिक समस्या रहेको उनीहरूको भनाइ छ।

**सडक आयोजनाको सात करोडभन्दा बढीको ठेक्का**

सडक डिभिजन कार्यालय, लहानसँग सम्बन्धित निर्माण आयोजनाको बोर्डमा योजनाको नाम माडर-चौहर्वा-गोलबजार-सिरहा-संगुरे-उदयपुर-मिर्चैया-कटारी-घुर्मी-हिलेपानी-ओखलढुंगा-सल्लेरी सडक स्तरोन्नति उल्लेख गरिएको छ।

बोर्डमा मुख्य कामका रूपमा अस्फाल्ट कङ्क्रिट तथा कर्ब स्टोन निर्माण उल्लेख छ। सम्झौता मिति २०८३ वैशाख १७ गते र सम्पन्न गर्नुपर्ने मिति २०८३ असार ३० गते रहेको विवरण बोर्डमा राखिएको छ। निर्माण कार्यको म्याद थप गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

आयोजनाको सम्झौता रकम भ्याट तथा पीएससहित ७ करोड ५८ लाख ८५ हजार ९४६ रुपैयाँ ३१ पैसा उल्लेख गरिएको छ। निर्माण व्यवसायीका रूपमा एम/एस भगत-बाबा जेभी, बानेश्वर-१०, काठमाडौंको नाम बोर्डमा राखिएको छ।

पोल स्थानान्तरणको बजेट निर्माण व्यवसायीको ठेक्का रकममा समावेश भए पनि पोलमा जडान गरिएका विद्युत्, टेलिफोन तथा इन्टरनेटका तार व्यवस्थापनका लागि सम्बन्धित निकायबीच आवश्यक पूर्वसमन्वय भएको-नभएको विषयमा प्रश्न उठेको छ।

**समन्वयको अभावले बढ्यो जोखिम**

सडक विस्तार तथा पोल स्थानान्तरणअघि पोलमा जडान गरिएका विद्युत्, टेलिफोन र इन्टरनेटका तारको पहिचान गरी सम्बन्धित सेवा प्रदायकसँग समन्वय गरेर सुरक्षित रूपमा हटाउने वा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ। तर, सिरहा बजारमा पोल स्थानान्तरणपछि पनि तार अव्यवस्थित अवस्थामा रहनुले उक्त प्रक्रियामा समन्वयको अभाव देखिएको छ।

सडक विस्तार भइरहेको क्षेत्रमा निर्माण व्यवसायी, नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, विभिन्न इन्टरनेट सेवा प्रदायक तथा स्थानीय तहबीच तत्काल समन्वय गरी तार व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ। साथै, निर्माण कार्यका क्रममा आवश्यक सुरक्षा संकेत, अवरोध व्यवस्थापन तथा पैदलयात्रीका लागि सुरक्षित मार्गको व्यवस्था गर्नसमेत सम्बन्धित पक्षले ध्यान दिनुपर्ने स्थानीयको माग छ।

सम्बन्धित निकायले घटनास्थलको निरीक्षण गरी तार काटिएको वा चुँडिएको अवस्था, त्यसको जिम्मेवारी र पुनःव्यवस्थापनको प्रक्रिया स्पष्ट गर्नुपर्ने देखिन्छ। सडक निर्माणका क्रममा सार्वजनिक सुरक्षा तथा सञ्चार संरचनाको संरक्षणका लागि आवश्यक मापदण्ड पालना भए-नभएको विषयमा सडक डिभिजन कार्यालय र सम्बन्धित निकायले अनुगमन गर्नुपर्ने स्थानीयको भनाइ छ।

सडक विस्तार नागरिकको सुविधा र आवागमन सहज बनाउन गरिने भए पनि निर्माण कार्यकै क्रममा सडक तथा पैदलमार्गमा तार अलपत्र छाडिँदा नागरिक जोखिममा पर्ने अवस्था अन्त्य गर्नुपर्ने देखिन्छ। सम्भावित दुर्घटना रोक्न निर्माण व्यवसायी, विद्युत् प्राधिकरण, नेपाल टेलिकम तथा इन्टरनेट सेवा प्रदायकले समन्वय गरी जोखिमयुक्त तार तत्काल हटाउने वा सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्ने स्थानीयको माग छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

## सप्तरीमा शल्यक्रिया गरिएकी सुत्केरीको मृत्यु .............

रगत बग्न नरोकिएपछि अस्पतालको कुरा सुन्न छाडेर निर्मलालाई बाहिर लग्दासम्म ढिलो भइसकेको थियो।'

उनीहरुले शुक्रबार साँझ निर्मलालाई छिन्नमस्ता अस्पताल राजविराज ल्याएका थिए। तर, यहाँ उनको स्वास्थ्य अवस्थामा सुधार नभएपछि थप उपचारको लागि शनिबार विराट टिचिङ अस्पताल विराटनगर लगेर भर्ना गरिएको थियो। उपचारकै क्रममा आइतबार राति निर्मलाको मृत्यु भएको हो।

घटनापछि आक्रोशित बनेका उनीहरुले धमेश्वर अस्पतालमा प्रदर्शन गरेका हुन्। उनीहरुले धर्मेश्वर अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र अस्पताल प्रशासनलाई कारबाही तथा क्षतिपूर्ति पाउनुपर्ने माग गरिरहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी हेमराज घिमिरेले प्रदर्शनपछि अहिले अस्पतालका प्रशासन र पीडित पक्षबीच छलफल भइरहेको बताए।

'अहिले अवस्था समान्य छ,' उनले भने, 'सुत्केरीको मृत्युको कारण भने सम्बन्धित निकायबाट छानबिनपछि मात्र यकिन हुन आउँछ।'

